# भगवतीमाई गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**वेस्तडा, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**
**(दोस्रो पटक प्रकाशित मिति :- २०७९/१०/१०)**

यस कार्यालयको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार देहायमा उल्लेखित झोलुंगे पुलको स्टिलपार्टस खरिद कार्य दरभाउपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त ईच्छुक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पुर्वाधार विभागमा सूचिकृत भएका व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउ पत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (२०७९/१०/२४ गते) भित्र नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७८/०७९ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउ पत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरीद भएका दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं (२०७९/१०/२४ गते) दिन को १२.०० बजे भित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोहीदिनको १:०० बजे यस कार्यालयमा खोलिने छन् । दरभाउपत्र खरीदगर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनहुनेछ ।

३. दरभाउपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम यस कार्यालयको प्रभु बैंक, वेस्तडा दैलेख स्थित धरौटी खाता नं. १५१०१०९३२८८०००४१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरीएको बैंक जमानीपत्र (बिडवण्ड) पेश गर्नु पर्नेछ ।

४. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारवाही हुने छैन ।

५. दरभाउपत्र दाताबाट दरभाउ पत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिवृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

६. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सवै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

**तपसिल:**

| ठेक्का नम्वर | कामको विवरण (स्टिलपार्टस खरिद) | लागतअनुमान (मू.अ. कर बाहेक) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| BRM/SPS/SQ/05/2079-080 | गजेतडा झोलुंगे पुल | ९,४६,८०५। | ३०,०००। | १०००। | |

प्रमुख प्रशासकीय अधिकृत

बखतबहादुर खड्का
प्रमुख प्रशासकिय अधिकृत

CamScanner